**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

**<u>फैसला</u>**

२०७७/०७८ सालको निर्णय नं.३५

पुनरावेदन नं. : ०७५-RB-०३५९

पुनरावेदन दर्ता मिति २०७६।०२।१०

जिल्ला भक्तपुर, मध्यपुर थिमी नगरपालिका वडा नं. १५ कौशलटार स्थित क्षमादेवी बिल्डिङ्ग मेटेरियल्स प्रा.लि को अख्तियारी प्राप्त संचलक निरन्जन कृष्ण श्रेष्ठ ...........१ } पुनरावेदक

**<u>विरूद्ध</u>**

श्री मूल्यांङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौं ................................. १
वीरगंज भन्सार कार्यालय, वीरगंज, पर्सा .......................................................१ } प्रत्यर्थी

**<u>मुद्दाः बढि भंसार मुल्याङ्कन (M४८८७)</u>**

**उपस्थित कानून व्यवसायीहरुः**

पुनरावेदकका तर्फबाटः बिद्वान अधिवक्ता श्री नारायण नेपाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारीः**

शुरु निर्णय गर्ने कार्यालयः वीरगंज भन्सार कार्यालय, वीरगंज, पर्सा।

शुरु निर्णय मितिः २०७५।०२।२९

**मूल्य पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारीः**

निर्णय गर्ने कार्यालयः मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौं।

निर्णय मितिः २०७५।१२।२९

मुल्यांङ्कन पुनरावलोकन समिति त्रिपुरेश्वर काठमाडौंबाट भएको मिति २०७५।१२।२९ को निर्णय उपर चित्त नबुझी भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम ३५ दिनभित्रै पुनरावेदन गर्नुपर्नेमा म्याद गुज्रन गई मुलुकी देवानी कार्यविधि ऐन, २०७४ को दफा २२३ बमोजिम गुज्रिएको म्याद थामी राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(ख) तथा भन्सार ऐन, २०६४ को दफा ६२(२) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भै सुनुवाईका लागि आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

## संक्षिप्त तथ्य

१. Kshamadevi Aluminium Profile (Pvt.) Ltd., Bhaktapur ले भन्सार विन्दुमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ३ वमोजिम मिति २०७५।०२।२९ मालवस्तुको मुल्य निर्धारणको लागि पेश गरेको विजकमा उल्लेख गरिएको मालवस्तु मध्ये UPVC Profile को मूल्य ASYCUDA Database, अन्य आयातकर्ताहरुले पैठारी गरी ल्याएको विजक मूल्य तथा लोकल मूल्यबाट प्राप्त सूचना मूल्यभन्दा न्युन देखिएकोले सोही दफाको उपदाफा ६ वामोजिम पैठारी गरी ल्याएको उक्त मालवस्तुको मूल्य पुष्टि गर्ने थप कागजात तथा प्रमाण पेश गर्न मिति २०७५।०२।२९ मा पत्राचार गरिएकोमा पैठारीकर्ताको तर्फबाट पेश हुन आएका थप कागजात तथा प्रमाणहरु एवं पैठारी भएको मालवस्तुको गुणस्तर समेतलाई मध्यनजर गर्दा घोषित मूल्य वास्तविक मूल्य हो भन्न सकिने अवस्था देखिएन। घोषित मूल्यको सत्यता पुष्टि हुन नसकेकोले भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा २ बमोजिम भन्सार मूल्य निर्धारण गर्न सकिएन। भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ८, ९, १०, ११ र १२ वमोजिम क्रमशः अवलम्बन गरी मूल्य निर्धारण गर्नु पर्ने अवस्थामा मूल्यांकनको लागि पेश भएको मालवस्तु जस्तै चारित्रिक गुण भएको UPVC Profile सोही मूलुकबाट पैठारी हुन आएको ASYCUDA अभिलेख समेतको आधारमा उपयुक्त र प्राप्त प्रमाण अनुसार दफा १३(१२) वमोजिम मूल्य निर्धारण गर्नु पर्ने भयो। यस्तै प्रकृतिको मालवस्तुको ASYCUDA अभिलेख लगायत विभिन्न माध्यमबाट प्राप्त सूचना मूल्यको तुलनामा पैठारी हुन आएको मालवस्तुको मूल्य न्यून देखिएकोले उक्त मालवस्तु UPVC Profile को प्रति इकाई मूल्य CIF Kolkatta USD १.५ प्रति के.जी. कायम गरी विजक मूल्य USD २५५०० मा बृद्धि भएको USD १२७५० जोडी जम्मा वीजकको मूल्य USD ३८२५०मा कोलकत्तादेखि वीरगंजसम्मको कारोबार खर्चसमेत रु. १,४७,०००।- समायोजन गरी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१२) वमोजिम कारोबार मूल्य कायम गरेको भन्ने वीरगंज भन्सार कार्यालयको मिति २०७५।०२।२९ को निर्णय।

२. विरगंज भन्सार कार्यालयले मिति २०७५।०२।२९ मा गरेको भन्सार मूल्य निर्धारणमा चित्त नबुझाई पैठारीकर्ता Kshamadevi Building Material (Pvt.) Ltd. ले मूल्याङ्कन पुनरावलोकन

समिति, त्रिपुरेश्वर, काठमाडौं समक्ष मिति २०७५।०३।११ मा मूल्य पुनरावलोकनका लागि पेश गरेको निवेदन।

३. पैठारीकर्ता क्षमादेवी विल्डिङ्ग मेटरियल, भक्तपुरले भन्सार कार्यालयमा पेश गरेको कागजात तथा जानकारीबाट भन्सार अधिकृत सन्तुष्ट हुन नसकी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा २ वमोजिम भन्सार मूल्य कायम हुन नसकेको, तत्पश्चात प्राप्त प्रमाण र सूचनाहरुको आधारमा सोही ऐनको दफा १३ का उपदफाहरु ८, ९, १०, ११ र १२ क्रमशः अवलम्बन गरी मूल्य निर्धारण गर्ने सिलसिलामा यस्तै प्रकृतिको मालवस्तु भन्सार कार्यालयहरुबाट जाँचपास गर्दा कायम भएको कारोबार मूल्य ASYCUDA Database समेतको आधार लिएर भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा १२ बमोजिम मूल्य कायम गर्नुपर्ने देखिएको भनी भन्सार कार्यालयले मिति २०७५/०२/२९ मा पैठारीकर्ताले घोषणा गरेको मूल्यमा बृद्धिगरी कारोबार मूल्य कायम गरेको देखिन्छ। वीरगंज भन्सार कार्यालयको प्र.द.नं. ६६९६१ तारिख १८.०५.२०१८ मा उक्त सामान प्रति किलो अमेरिकी डलर १.५ मा पैठारी हुन आएको ASYCUDA अभिलेखबाट देखिएको अवस्थामा क्षमादेवी विल्डिङ्ग मेटेरियल्सले ता. १२.०६.२०१८ मा अमेरिकी डलर १ प्रति किलोमा पैठारी हुन आएको विजक तथा पैठारीकर्ताको तर्फबाट पेश हुन आएका थप कागजात तथा प्रमाणहरुबाट घोषित मूल्य वास्तविक मूल्य नै हो भन्न सकिने अवस्था देखिएन। ASYCUDA अभिलेख अनुसार यस्तै सामान प्रति किलो अमेरिकी डलर १.५ मा पैठारी भएको संलग्न प्रज्ञापन तथा विजकको छायाँप्रतिबाट देखिन आएको अवस्थामा पैठारीकर्ताले पेश गरेको कागजबाट मात्र निजको बिल मूल्यलाई यथार्थ मान्न सकिएन। भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा १२ वमोजिम मालबस्तुको मूल्य निर्धारण गर्दा अन्य दफाहरुमा उल्लेख भएका मूल्याङ्कन सम्बन्धी प्रावधान र त्यसको आधारमा भएको मूल्य निर्धारणलाई मध्येनजर राखी लचिलोपन अपनाएर मूल्य निर्धारण गर्न सकिने व्यवस्था भन्सार मूल्यांकन निर्देशिका, २०६८ पहिलो संशोधन २०७२ को दफा १४ ले गरेको छ। त्यस्तै सोही समयमा वा करिव करिव सोही समयमा भनिएको समय तत्व सोही देशमा उत्पादन भएको भनिएको प्रावधानमा लचकता अपनाएर अन्य देशमा उत्पादन भएको मिल्दोजुल्दो मालवस्तुको मूल्य समेतलाई आधार बनाउन सकिने व्यवस्था उक्त निर्देशिकाले गरेको छ। वीरगंज भन्सार कार्यालयले एक महिना भित्रको कारोबार मूल्य समेतको आधारमा मूल्य बृद्धि गरी कायम गरेको १.५ प्रति के.जी. मूल्य उपर्युक्त निर्णय खण्डमा उल्लेख भए अनुसार भन्सार ऐन, नियमावली तथा मूल्यांकन निर्देशिका वमोजिम कानूनसम्मत नै देखिँदा सदर हुने ठहर्छ भनी मिति २०७५।१२।२९ मा मूल्यांङ्कन पुनरावलोकन समितिबाट भएको निर्णय।

४. पुनरावेदक पैठारीकर्ताले Shanghai Conch Profiles Co. Ltd, China बाट USD ०.१०/KG का दरले २५५०० KG UPVC Profile Grade H, (Invoice No MC32018-047, LC No. 18ILC0341) पैठारी गरेको हुँ। जसको कुल मूल्य USD २५,५०००।०० हुन आउँछ। उक्त UPVC Profile Grade को मूल्य मैले पेश गरेको Performa Invoice, Commercial Invoice तथा बैंकको प्रतितपत्र (Letter of Credit) समेतका कागजातले स्पष्ट छ। सोही रकम भंसार ऐन, २०६४ को दफा १३(३) को प्रयोजनको लागि कारोबार मूल्य घोषणा गरेको छु। यसरी सम्पूर्ण कागजात पेश गरी मूल्य घोषणा गरेको अवस्थामा सो कारोबार मूल्यलाई मान्यता दिनु नपर्ने कारण के हो, प्रत्यर्थीहरुको निर्णयमा खुल्दैन। यस्तो स्पष्ट आधार र प्रमाणको विश्लेषण एवं विवेचना नभएको निर्णय त्रुटिपुर्ण छ। भंसार ऐन, २०६४ को दफा १३(९) मा उल्लेखित कानूनी व्यवस्था म पुनरावेदकको हकमा लागू हुन सक्ने पनि होईन किनकी पैठारी भएको सामानको Proforma Invoice, Commercial Invoice तथा बैंकको प्रतितपत्र (Letter of Credit) समेतका कागजातहरु पेश गरेकै छु, सोमा शंका गर्नुपर्ने कुनै आधार र कारण छैन। मैले आयात गरेको सामानको मूल्य अन्तराष्ट्रिय बजारमा हरेक दिन हरेक घण्टा फरक-फरक भई रहन्छ। सो सामान कुनै अमुक व्यापारीले USD १.५० प्रति के.जी. का दरले पैठारी गरेको भन्दैमा मलाई पनि सोही दर लागू गर्नु न्यायोचित हुँदैन/छैन। त्यस्मा निर्णयमा उल्लेखित वीरगंज भंसार कार्यालयको प्र.न.नं. ६६९६१ ता. १२.०६.२०१८ को प्रज्ञापन पत्र मलाई देखाई सुनाई गरी मेरो भनाई राख्ने मौका समेत प्रदान गरिएको छैन। यसरी गुपचुप गरी हचुवाका भरमा एकपक्षीय रुपमा कारोबार मूल्य बृद्धि गरी भंसार असुल गरेको प्रत्यर्थीहरुको निर्णय त्रुटीपूर्ण भै बदरभागी छ। प्रत्यर्थी मुल्यांङ्कन पुनरावलोकन समितिले निर्णय गर्दा भंसार ऐन, २०६४ को दफा ६१(५) बमोजिम स्पष्ट कारण र आधार खुलाउनु गर्नेमा त्यस्तो आधार र कारण खुलाउन नसकेको निर्णय अन्तर्राष्ट्रिय व्यापारका नियम तथा रिती समेत विपरीत भएको हुँदा त्रुटिपूर्ण भई बदरभागी छ। अतः माथि लेखिए वमोजिम पुनरावेदकले घोषणा गरेको कारोबार मूल्यलाई मान्यता नदिई सोमा बृद्धि गरी पुनरावेदकबाट भंसार महशुल रु. ४,८९,१५३।- अतिरिक्त महशुल रु. २,४४,५६१।- तथा मूल्य अभिबृद्धि कर रु. ३,०७,३४९।- समेत गरी जम्मा रु १०,४१,०६३।- थप असुल गर्ने निर्णय गरेकोमा सो निर्णय त्रुटिपूर्ण भई बदरभागी भएको हुँदा बदर गरी पाँउ र पुनरावेदकले कानून बमोजिम बुझाउनु पर्ने राजश्व रु. ८,७२,२६३।- रसिद नं. BRJ 03 2018 R 4666, 12/06/2018 बाट बुझाई थप लागेको राजश्व रकम रु. ५,२९,९९७।- रकम भंसार कार्यालयमा रसिद नं. BRJ 03 2018 R 4667, 12/06/2018 बाट धरौटी राखी सामान छुटाई लगेकोमा उक्त धरौटी राखेको रकम रु. ५,२९,९९७/- पुनरावेदकलाई फिर्ता दिनु भन्ने आदेश समेत गरी पाऊँ भन्नेसमेत बेहोराको पुनरावेदन पत्र ।

५. मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।१०।२४ मा भएको आदेश ।

**ठहर खण्ड**

६. नियम बमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनपत्र एवं सम्पूर्ण कागजात अध्ययन गर्दा पुनरावेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री नारायण नेपालले विल्डिङ्ग, छाना छाउनको लागि प्रयोग गर्ने मालबस्तु हो । उक्त सामान चिनबाट आयात गरी विभिन्न भन्सार कार्यालयबाट पैठारी गर्ने गरिन्छ । यसरी आयात गरिने मालबस्तुको मुल्य London Metal Exchange ले निर्धारण गरेको मूल्यका आधारमा विश्व बजारमा मूल्य कायम हुने गर्दछ । भन्सार ऐन, ०६४ को दफा १३ मा पनि विजक मूल्यलाई मान्यता दिनुपर्ने भनी उल्लेख गरिएकोमा ASYCUDA डाटाबेसबाट घोषित मूल्यको सत्यता नरहने, विजक मूल्यलाई अन्यथा प्रमाणित नगरेसम्म विजक मूल्यलाई कायम नगरिकन थप मूल्य निर्धारण गर्न मिल्दैन भनी फैसला समेत गरिएको पाइन्छ । भन्सार विन्दुमा पेश गरेको कागजातलाई अन्यथा प्रमाणित नगरी फरक मूल्य कामय गरी भन्सार कार्यालयबाट गरेको निर्णय बदरभागी छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो।

७. विपक्षी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बास्ताकोटीले २०७४ चैत्र देखि २०७५ फागुनसम्म आयात गरिएको सामानको विषयमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ मा साइजको आधारमा Asycuda प्रणाली नमिलेको भनी उठान गरिएतापनि Asycuda प्रणालीबाट नै यसको साइज हेरेर मूल्य निर्धारण गर्ने गरिन्छ जुन अन्तर्राष्ट्रिय सिद्धान्त अनुसार मिलेको छ, छैन हेरिन्छ। London Metal Exchange का आधारमा मूल्य निर्धारण हुने कहि कतै व्यवस्था नभएकोले Asycuda डाटाबेशबाट नै मूल्य निर्धारण गर्ने गरी शुरु कार्यालयबाट गरेको निर्णय सदर हुनुपर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो।

८. उपर्युक्त बहस समेत सुनि मिसिल अध्ययन गरी प्रस्तुत शुरु निर्णय मिलेको छ, छैन ? र पुनरावेदन जिकिर अनुसारहुने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

९. निर्णयतर्फ विचार गर्दा पुनरावेदक क्षमादेवी विल्डिङ्ग मेटेरियल्स प्रा.लि. ले प्रज्ञापन पत्र नं. M४८८७ बाट पैठारी गरेको मालबस्तु भन्सार ऐन २०६४ को दफा १३ को उपदफा ३

बमोजिम प्रति के.जी.यु.एस डलर १ रहेको भनि भन्सार मूल्य निर्धारण गर्न पेश गरेको विजक मूल्यका सम्बन्धमा Asycuda डाटाबेस लगायत अन्य प्रणालीबाट प्राप्त सूचना मूल्य भन्दा फरक परेको, पैठारीकर्ताले पेश गरेका कागजात तथा प्रमाणहरु Asycuda डाटाबेस समेतको आधारमा घोषित मूल्य बास्तविक मूल्य हो भन्न सकिने आधार समेत नदेखिएको भनि उक्त पैठारी भएको मालबस्तु ऐ. ऐनको दफा १३ को उपदफा ९ बमोजिम प्रति के.जी. अमेरिकी डलर १.५० मूल्य निर्धारण गर्ने गरी मूल्यांकन पुनरावलोकन समितिबाट निर्णय भएको देखियो ।

१०. पुनरावेदक पैठारीकर्ताले सुख्खा बन्दरगाह भन्सार कार्यालय सिर्सियाबाट प्रज्ञापनपत्र नं. M४८८७ मार्फत विल्डिङ्ग मेटिरियल्स मालबस्तु पैठारी गरिएको देखिंदा उक्त मालबस्तु पैठारी गर्दा पैठारीकर्ताले भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ३ बमोजिम मालबस्तुको मूल्य निर्धारण पेश गरेको विजक मूल्य Asycuda Database लगायत अन्य प्रणालीबाट प्राप्त सूचना मूल्य भन्दा न्यून देखिएकोले सोही दफाको उपदफा ६ बमोजिम उक्त मालबस्तुको मूल्य पुष्टि गर्ने थप कागजात तथा प्रमाणहरु माग भएकोमा तथ्यपूर्ण र विश्वसनीय प्रमाण कागजात पेश गर्न सकेको देखिएन भने यस्तै मालवस्तु आयात भएको Asycuda अभिलेख समेतको आधारमा घोषित मूल्य बास्तविक मूल्य हो भन्न सकिने पुष्टयाई मिसिल संलग्न कागजातबाट देखिएन ।

११. यसरी पैठारीकर्ताले पैठारी गरेको मालबस्तु Asycuda Database मा उपलब्ध मूल्य भन्दा न्यून मूल्यमा पैठारी हुन आएकोले Asycuda Database समेतलाई आधार लिएर भन्सार ऐन २०६४ को दफा १३ को उपदफा १२ बमोजिम मालबस्तुको कारोबार मूल्यको निर्धारण गर्दा विश्व व्यापार सम्बन्धी सामान्य सम्झौता १९९४ को धारा ७ मा भएको प्रावधान अनुसार नै निर्धारण गरी Asycuda Database अनुसार उक्त सामान USD १.५०/- प्रति के.जि. मा आयात भएको देखिएकोले भन्सार ऐन २०६४ को दफा १३ को उपदफा १२ बमोजिम कायम गरेको उक्त मालबस्तुको मूल्य USD १.५० प्रति के.जीलाई अन्यथा भन्न सकिने आधार र प्रमाण देखिएन।

१२. माथि उल्लेखित आधार र कारणबाट पुनरावेदक पैठारीकर्ता क्षमादेवी विल्डिङ्ग मेटेरियल्स प्रा.लि. ले प्र.द.नं.M४८८७ बाट आयात गरेको UPVC Profile Grade-H को भन्सार मूल्य निर्धारण गर्ने गरी मूल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७५।१२।२९ मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसिल बमोजिम गर्नु ।

## तपसिल

- प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिलको कार्यालयलाई दिनु..........................................................................................१
- सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु...........................................................................................................२
- प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु.................................................................... ३

राजेन्द्र पौडेल
(राजस्व सदस्य)

उक्त रायमा हामी सहमत छौं ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

विनोद शर्मा
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नेः-

शाखा अधिकृतःसनिता लामा

टिपोट गर्ने ना.सु.हेमन्त फुयाँल

इति सम्वत् २०७७ साल पुष मिहना २७  गते रोज २ शुभम् ................................................